आज मिति २०८०/४/१६ गते मङ्गलबार दिन समय ११:०० बजे यस देवताल गाउँपालिकाका अध्यक्ष श्री उदय प्रसाद यादव ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक तपसिल बमोजिमको उपस्थितिमा बसी तपसिल बमोजिमको प्रस्ताव माथि छलफल गरी तपसिलका निर्णयहरु गरियो।

उपस्थिती

| क.स. | नाम,थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री उदय प्रसाद यादव | अध्यक्ष | |
| २ | श्री सितापति देवी यादव | उपाध्यक्ष | |
| ३ | श्री अरुण कुमार सिंह | वडा अध्यक्ष वडा नं.१ | |
| ४ | श्री मनरुदीन मिँया ठकुराई | वडा अध्यक्ष वडा नं.२ | |
| ५ | श्री रामकिशोर प्रसाद कुशवाहा | वडा अध्यक्ष वडा नं.३ | |
| ६ | श्री ललन कुमार यादव | वडा अध्यक्ष वडा नं.४ | |
| ७ | श्री सुरेश प्रसाद साह | वडा अध्यक्ष वडा नं.५ | |
| ८ | श्री संजय कुमार | वडा अध्यक्ष वडा नं.६ | |
| ९ | श्री सतेन्द्र प्रसाद यादव | वडा अध्यक्ष वडा नं.७ | |
| १० | श्री रामपुजन पंडित कुम्हार | कार्यपालिका सदस्य | |
| ११ | श्री किसुनदेव ठाकुर हजाम | कार्यपालिका सदस्य | |
| १२ | श्री सरस्वती देवी | कार्यपालिका सदस्य | |
| १३ | श्री प्रभा देवी धोविन | कार्यपालिका सदस्य | |
| १४ | श्री ललिता देवी जैसवार | कार्यपालिका सदस्य | |
| १५ | श्री कान्ती देवी | कार्यपालिका सदस्य | |
| १६ | श्री नविन कुमार श्रीवास्तव | प्रमुख प्रशासकीय अधिकृत | |

CamScanner

प्रस्ताव नं. १: आ.व. २०८०/०८१ को गाउँ सभाबाट पारित नीति, बजेट तथा कार्यक्रम कार्यन्वयन सम्बन्धमा।

निर्णय नं. १: प्रस्ताव नं. १ माथि छलफल गर्दा आ.व. २०८०/०८१ को गाउँ सभाबाट पारित नीति, बजेट तथा कार्यक्रम नियमानुसार कार्यान्वयन गर्ने निर्णय गरियो।

प्रस्ताव नं.२ देवताल गाउँपालिकाको आ.व.. २०८०/०८१ को दररेट सम्बन्धमा।

निर्णय नं. २: प्रस्ताव नं. २ माथि छलफल गर्दा यस देवताल गाउँपालिकाको आ.व. २०८०/०८१ को दररेट जिल्ला दररेटलाई नै आधार मानि सोहीलाई देवताल गाउँपालिकाको दररेट कायम गरी पारित गर्ने निर्णय गरियो।

प्रस्ताव नं.३ गाउँपालिका संचालन गर्न केही ऐन, कानुन , कार्यविधि पेश तथा पारित सम्बन्धमा।

निर्णय नं. ३: प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस देवताल गाउँपालिका संचालन गर्न तपसिल बमोजिमको कानुन पारित गर्ने निर्णय गरियो।

तपसिल

१.आन्तरिक नियन्त्रण प्रणली तर्जुमा तर्जुमा दिगदर्शन २०८०

२. गाउँपालिका आपकालिन कार्य संचालन विधि २०८०

३. स्थानीय विपत व्यवस्थापन कोष संचालन कार्यविधि २०८०

प्रस्ताव नं.४ गाउँपालिका संचालन गर्न आवश्यक पर्ने समिति गठन गर्ने सम्वन्धमा।

निर्णय नं. ४: प्रस्ताव नं. ४ माथि छलफल गर्दा गाउँपालिका संचालन गर्न आवश्यक पर्ने समितिको पदाधिकारीहरुको छनौट गर्दा गहन छलफल तथा समितिको कामकारवाहीको अध्ययन गर्नु पर्ने भएकोले अगामी बैठकमा समिति गठन गर्ने निर्णय गरिया।

प्रस्ताव नं.५ जग्गा वर्गिकरण सम्बन्धी बजेट बाडँफाडँ सम्वन्धमा।

निर्णय नं. ५: प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस देवताल गाउँपालिका अन्तगर्तका जग्गा जमिनहरु नेपाल सरकारको निर्देशानुसार वर्गिकरण गराउनु पर्ने देखिएकोले सो को लागि आवश्यकता अनुसार रकम रु ५,००,०००। बजेट विनियोजन गर्ने तथा सो रकम चालुको सम्बन्धीत शिर्षकबाट विनियोजन गर्ने निर्णय गरियो।

CamScanner

प्रस्ताव नं.६  कार्यालयको भौतिक अवस्था सुधार गरी सेवा प्रवाह प्रभावकारी बनाउन मर्मत सुधारात्मक योजना सम्बन्धमा।

निर्णय नं. ६: प्रस्ताव नं. ६ माथि छलफल गर्दा कार्यालयको भौतिक अवस्था सुधार गरी सेवा प्रवाह प्रभावकारी बनाउन  सुधारात्मक योजना  लागि आवश्यक रकम सम्बन्धित शिर्षकबाट खर्च हुने गरी विनियोजन गर्ने निर्णय गरियो।

प्रस्ताव नं.७  आर्थिक सहयोग सम्बन्धमा।

निर्णय नं. ७: प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस कार्यालयबाट पारित विपत  व्यवस्थापन ऐन , कानुनमा अन्यथा भएको बाहेक तपसिलका विपतमा (आगलागि, बाढी पहिरो, हावा हुरी,चटयाङ्ग, आकस्मिक  घटना  दुर्घटना, असाध्यै जटिल तथा दीर्घ रोगी भई दैनिकी चलाउन कठीन हुने तथा दैनिक दिनचर्या चलाउन कठीनाई भोगिरहेको गरीव परिवारहरुलाई ( गरीव तथा विपन्न भएको आधार प्रमाणित भए मात्र) ) गा.पा अध्यक्षको सिफारिसमा  रकम रु १०,०००।०० (अक्षरेपी दस हजार मात्र) भित्र सोझै पिडितलाई आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो। साथै आ.व.२०७९/०८० मा यस कार्यालयमा आर्थिक सहयोगको लागि दर्ता भएको तथा भुक्तानी दिन बाँकी भएको निवेदन सम्बन्धमा नियमानुसार आर्थिक सहायता वितरण समितिको सिफारिस तथा भुक्तानीको आवश्यक प्रक्रिया अपनाई नियमानुसार भुक्तानी दिने निर्णय गरियो।

प्रस्ताव नं.८  सवारी साधन कार्यालयलाई बुझाउने सम्बन्धमा।

निर्णय नं. ८: प्रस्ताव नं. ८ माथि छलफल गर्दा विगतमा यस गाउँपालिकाका उपाध्यक्ष श्री मति सितापति देवी यादवले यस कार्यालयबाट चार पांग्रे सवारी साधन बुझी प्रयोग गरिरहेको र  अब उप्रान्त सो सवारी साधन निजले कार्यालयलाई बुझाउन इच्छुक रहेकोले सो सवारी निजसँग बुझि कार्यालयमा आवश्यक लगत बाँध्ने र निजलाई नियमानुसार मासिक भता उपलब्ध गराउने निर्णय गरियो।

प्रस्ताव नं.९  प्रहरी चौकीको इन्धन सम्बन्धमा।

निर्णय नं. ९: प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस देवताल गाउँपालिका क्षेत्रभित्र पर्ने सुरक्षा निकायलाई तपसिल बमोजिमको मात्रामा इन्धन (कार्यालयको स्रोत सुनिश्चित गरी ) उपलब्ध गराउने निर्णय गरियो।

तपसिल

देवताल प्रहरी चौकी २५ लि.

सशस्त्र प्रहरी चौकी २० लि.

दक्षिण झिटकैया प्रहरी चौकी २० लि.

अन्य प्रहरी चौकी १५लि.

प्रस्ताव नं.१० निर्माणाधिन दश शैंया अस्पतालको म्याद थप सम्बन्धमा।

निर्णय नं. १०: प्रस्ताव नं. १० माथि छलफल गर्दा यस कार्यालयबाट कार्यदेश भई नेपाल सरकार स्वास्थ्य मन्त्रालयको निर्देशन बमोजिम निर्माणधिन रहेको दश शैंया अस्पतालको निर्माण म्याद समाप्त भएको तथा सो कार्य हाल सम्म पनि सम्पन्न नभएको तथा सो कार्य गर्न अझै समय चाहिने भएकोले नियमानुसार यस कार्यालयबाट सो कार्यको म्याद १ (एक) बर्ष थप गर्ने तथा सोही अनुसार म्याद थप अनुमतिको लागि स्वास्थय मन्त्रालयमा सिफारिस गर्ने निर्णय गरियो।

प्रस्ताव नं.११ योजनाको म्याद थप तथा भुक्तानी सम्बन्धमा।

निर्णय नं. ११: प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस कार्यालयबाट आ.व. २०७८/०७९ मा तपसिल बमोजिमको योजनाहरुको कार्यदेश भई कार्य संचालन गर्न अनुमति प्रदान गरेकोमा विभिन्न प्राविधिक कारणले सो कार्य सम्पन्न नभई भुक्तानी दिन नसकेको, सो को भुक्तानीको पटक पटक मागँ आएको तथा सो योजनाको भुक्तानी बाँकी तथा कच्चाबारी समेत भएकोले सो योजनाको स्रोत सुनिश्चित गरी बढीमा ३ महिनासम्म म्याद थप गर्ने तथा भुक्तानीको लागि आवश्यक प्रक्रिया पूरा गरी भुक्तानी दिने निर्णय गरियो। साथै भुक्तानी बाँकी तथा कच्चाबारी नभएको अवस्थामा यसै निर्णयलाई भुक्तानी दिन बाँकी र कच्चाबारी समेत मान्ने र भुक्तानीको लागि योग्य मान्ने निर्णय समेत गरियो।

तपसिल

१.देवताल ३को वडा कार्यालयको भवन निर्माण कार्य

२.देवताल ३ झुलुङ्गेपुलनिर लचका निर्माण कार्य

CS CamScanner